# National News

## July 14, 2024

<u>प्रमुख समाचार:</u>

1. राष्ट्रपतिले स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा राष्ट्रका नाममा गर्नुभयो सम्बोधन

2. प्रधानमन्त्रीले स्वतन्त्र दिवसको अवसरमा भोली राष्ट्रिय झण्डा फहराउनुका साथै राष्ट्रका नाममा गर्नुहुनेछ सम्बोधन

3. रक्षामन्त्रीद्वारा आज साँझ आकाशवाणीमा सशस्त्र सेनालाई सम्बोधन

4. भारतीय उच्चायुक्त र बंगलादेशका विदेश मामिला सल्लाहकारबीच भेटवार्ता

5. वैश्विक जैव-भारत 2024 कार्यक्रम 12 देखि 14 सेप्टेम्बरसम्म आयोजित हुँदै

## Prez-Address

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज साँझ सात बजे स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा राष्ट्रका नाममा सम्बोधन गर्नुभयो। उहाँले सम्बोधनमा स्वतन्त्रता सेनानीहरूको स्मरण गर्दै, यो स्वतन्त्रताको उत्सव उनीहरूप्रति श्रद्धाञ्जली अर्पण हो भन्नुभयो। साथै, उहाँले देशमा भइरहेको विकासका कार्यहरू उल्लेख गर्दै, सरकारद्वारा देशवासीका लागि अघि सारिएका विभिन्न पहलहरूबारे सङ्क्षेपमा बताउनुभयो। राष्ट्रपतिले देशको नाम विश्वमा चम्काउन दिलोज्यान लगाउने खेलाडीलगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूप्रति पनि आभार व्यक्त गर्नुभयो। आकाशवाणीले आफ्नो क्षेत्रीय नेटवर्कमा राती साँडे नौ बजे यस सम्बोधनको क्षेत्रीय भाषा संस्करण प्रसारण गर्नेछ। यो सम्बोधन आकाशवाणीको आधिकारिक YouTube च्यानल आकाशवाणी ए.आई.आर-मा पनि उपलब्ध हुनेछ।

## PM-Indepence Day

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले ७८ औँ स्वतन्त्रता दिवसका अवसरमा भोलि दिल्लीको लाल किल्लाबाट राष्ट्रिय झण्डा फहराउने र राष्ट्रका नाममा सम्बोधन गर्ने कार्यक्रम छ। यस वर्षको स्वतन्त्रता दिवसको विषय विकसित भारत@ २०४७ हो। रक्षा मन्त्रालयले सन् २०४७ सम्म देशलाई विकसित राष्ट्र बनाउने सरकारको प्रयासलाई नयाँ उचाइ दिने मञ्चका रूपमा यो समारोहले काम गर्ने जनाएको छ। यस अवसरमा लाल किल्लामा आयोजित समारोहमा करिब छ हजार विशेष अतिथिहरूलाई आमन्त्रित गरिएको छ। विशेष अतिथिका रूपमा युवा, आदिवासी समुदाय, किसान, महिला तथा विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तिहरुलाई आमन्त्रित गरिएको छ। भर्खरै सम्पन्न पेरिस अलम्पिकमा सहभागी भारतीय टोलीलाई पनि उक्त समारोहमा सहभागी हुन आमन्त्रित गरिएको छ। साथै, विभिन्न राज्य र केन्द्र शासित प्रदेशका करिब दुई हजार मानिसलाई पनि परम्परागत पोशाकमा आमन्त्रित गरिएको छ। MyGov र आकाशवाणीका सहयोगमा रक्षा मन्त्रालयद्वारा आयोजित विभिन्न अनलाइन प्रतियोगिताका तीन हजार विजेताहरू पनि समारोहमा सहभागी हुनेछन्। समारोहमा देशभरका विभिन्न विद्यालयका दुई हजार क्याडेटको पनि सहभागिता रहनेछ।

## RAJNATH- ARMED FORCES

रक्षामन्त्री श्री राजनाथ सिंहले आज साँझ आकाशवाणीमा स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा सशस्त्र सेनालाई सम्बोधन गर्दै, देशको रक्षा क्षेत्रलाई आत्मनिर्भर बनाउन सरकारले धेरै सुधार गरेको बताउनुभयो। उहाँले भन्नुभयो, विगत १० वर्षमा स्वदेशी कम्पनीहरूबाट छ लाख करोड रुपियाँको रक्षा उपकरण खरिद गरिएको छ। सोही अवधिमा देशको रक्षा उत्पादन दोब्बर भएको र ‘घरेलु रक्षा उत्पादन एक लाख २५ हजार करोड रुपियाँ नाघेको उहाँले जानकारी

दिनुभयो। रक्षामन्त्रीले कुनै समय भारतलाई हतियार आयात गर्ने देश भनेर चिनिन्थ्यो तर अहिले निर्यातकर्ताको रूपमा आफ्नो पहिचान बनाइरहेको र देशको रक्षा निर्यात २०२३-२४ मा २१ हजार करोड रुपियाँको रेकर्ड स्तरमा पुगेको छ जानकारी बताउनुभयो। उहाँले भन्नुभयो, यस वर्षको केन्द्रीय बजेटमा रक्षा मन्त्रालयलाई ६ लाख २२ हजार करोड रुपियाँ विनियोजन गरिएको छ, जुन सबै मन्त्रालयहरूमध्ये सबैभन्दा बढी हो।

## India High Commission-Bangladesh

बंगलादेशका लागि भारतीय उच्चायुक्त श्री प्रणय वर्माले आज ढाकामा बंगलादेशका विदेश मामिला सल्लाहकार श्री मोहम्मद तौहीद हुसेनसँग शिष्टाचार भेट गर्नुभयो। भारतीय उच्चायुक्तले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको शुभकामना पनि श्री हुसेनलाई टक्राउनुभयो। उहाँले शान्ति, सुरक्षा र विकासका लागि दुवै देशका जनताको साझा आकाङ्क्षा पूरा गर्न बंगलादेशको अन्तरिम सरकारसँग मिलेर काम गर्ने भारत सरकारको इच्छा पनि व्यक्त गर्नुभयो। भेटका क्रममा श्री हुसेनले भारतीय उच्चायुक्तलाई बंगलादेशको अवस्थाको पछिल्लो जानकारी दिँदै, शान्ति व्यवस्थालाई सामान्य बनाउन र अर्थव्यवस्थालाई ठिक स्थितिमा ल्याउन अन्तरिम सरकारसामु ठूलो चुनौती रहेको बताउनुभयो। उहाँले बंगलादेशले भारतसँग मिलेर द्विपक्षीय सम्बन्ध सुदृढ गर्न चाहेको बताउनुभयो।

## Global Bio India

वैश्विक जैव-भारत 2024 कार्यक्रम नयाँ दिल्लीमा 12 देखि 14 सेप्टेम्बरसम्म देशको जैव प्रविधि क्षेत्रलाई विश्वव्यापी रूपमा प्रवर्धन गर्न आयोजना गरिनेछ। यसको विषय नवप्रर्तन पारिस्थितिकी तन्त्र र जैव विनिर्माण रहेको छ। कार्यक्रममा ३० देशका पाँच हजारभन्दा बढी प्रतिनिधि, एक हजार स्टार्टअप र पाँच सय प्रदर्शक सहभागी हुनेछन्। पत्रकार सम्मेलनलाई

सम्बोधन गर्दै, विज्ञान तथा प्रविधिमन्त्री डा. जितेन्द्र सिंहले यस कार्यक्रमले देशको जैव प्रविधि क्षेत्रलाई विश्व स्तरमा उजागर गर्ने बताउँदै भन्नुभयो, २०१४ मा भारतको जैव अर्थतन्त्र १० अर्ब डलर छ, जुन २०२४ मा १३७ बिलियन डलर पुग्ने अपेक्षा गरिएको छ। डा सिंहले भारतको जैविक अर्थतन्त्र सन् २०३० सम्म ३०० अर्ब डलर पुग्ने जानकारी दिनुभयो।

## ICMR-Dengu Vaccine

भारतीय आयुर्विज्ञान अनुसन्धान परिषद, ICMR र प्यानेसिया बायोटेकले भारतमा डेँगु खोपका लागि तेस्रो चरणको क्लिनिकल परीक्षण सुरु गरेका छन्। यो ऐतिहासिक परीक्षणले प्यानेसिया बायोटेकद्वारा विकसित भारतको स्वदेशी टेट्राभ्यालेन्ट डेँगु खोप डेँगीआलको प्रभावकारिताको मूल्याङ्कन गर्नेछ। यस परीक्षणमा पहिलो सहभागीलाई आज रोहतकस्थित पण्डित भागवत दयाल शर्मा पोस्ट ग्रेजुएट इन्स्टिटच्युट अफ मेडिकल साइन्सेजमा खोप लगाइएको छ।

## Kolkata Doctors’ Strike

पश्चिम बङ्गालका सबै मेडिकल कलेज र अस्पतालमा चिकित्सकहरूको प्रदर्शनका कारण सबै चिकिस्सा सुविधा अवरुद्ध छन्। घाइते र ओपीडी सुविधा पनि प्रभावित छन्। कोलकाता र अन्य धेरै राज्यमा विपक्षी दल र आम जनता सडकमा उत्रिएका छन्। विभिन्न शैक्षिक संस्थान र विद्यालयका विद्यार्थीले र्‍याली समेत निकालेका छन्। मेडिकल कलेजकी डाक्टरको हत्याका विरोधमा आज मध्यरातमा राज्यका विभिन्न ठाउँमा प्रदर्शन हुने भएको छ। सीबीआईको टोली कोलकाता पुगेको छ।

Supreme Court-Mineral Tax

सर्वोच्च अदालतले अब राज्यले खनिज अधिकारको बक्यौता कर उठाउन सक्ने स्पष्ट गरेको छ। यो अप्रेल 1, 2005 अघिको खनिज अधिकारहरूमा लागू हुनेछैन। सर्वोच्च अदालतले जुलाई २५ तारिख राज्यलाई यो आदेश दिएको। खानी र खनिज विनियमन तथा विकास अधिनियम १९५७ ले राज्यहरूको अधिकारलाई सीमित गर्दैन। यो निर्णयपछि केन्द्रीय र अन्य करदाताले यो निर्णय तत्काल लागू गर्न माग गरेका छन्।

Division Memorial Day-PM

आज देशले विभाजन विभीषिक स्मृति दिवस मनाउँदै छ। सन् १९४७ को विभाजनका क्रममा विस्थापित र पलायन भएका जनताको सम्झनामा यो दिवस मनाइएको हो। यस अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विभाजनको त्रासदीमा परेका अनगिन्ती मानिसहरूलाई सम्झँदै, आजको दिन ती सबैको साहसलाई सम्मान गर्ने दिन भएको बताउनुभयो।

Supreme Court-Kejriwal

सर्वोच्च अदालतले दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई आबकारी नीति सम्बन्धी भ्रष्टाचार मुद्दामा अन्तरिम जमानत दिन अस्वीकार गरेको छ। अदालतले श्री केजरीवालको जमानत याचिकामा सीबीआईसँग जवाफ मागेको छ र मुद्दाको सुनुवाइ अगस्ट 23 सम्म स्थगित गरेको छ। श्री केजरीवाललाई सीबीआईले जुन २६ मा पक्राउ गरेको थियो।

## India-Australia Terrorism

भारत र अष्ट्रेलियाले सबै प्रकारका आतङ्कवादको कडा शब्दमा निन्दा गरेका छन् र आतङ्कवादविरुद्ध व्यापक र दिगो रूपमा लड्नका लागि अन्तर्राष्ट्रिय सहयोगलाई मजबुत बनाउन आवश्यक रहेकोमा जोड दिएका छन्। हिजो नयाँ दिल्लीमा भारत-अष्ट्रेलिया आतङ्कवाद विरोधी संयुक्त कार्य समूहको 14 औँ बैठकमा यो निर्णय गरिएको हो। विदेश मन्त्रालयका अनुसार, दुवै देशले सीमापार आतङ्कवाद फैलाउन अप्रत्यक्ष रूपमा भइरहेको आतङ्कवादी कार्यको निन्दा गरेको छ।

## Jayant-Skill Development

केन्द्रीय कौशल विकास मन्त्री श्री जयन्त चौधरीले नोएडामा आयोजित एक कार्यक्रममा अभूतपूर्व पहलको घोषणा गर्दै, उदीयमान प्रविधिहरू र आर्टिफिसियल इन्टेलिजेन्सको सुरुवातले देशका आई.टी.आई.हरूलाई मद्दत पुग्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, आर्टिफिसियल इन्टेलिजेन्सले विद्यार्थीहरूलाई यसको परिवर्तनकारी शक्ति प्रयोग गर्न तयार पार्नेछ। यी पहलहरूको उद्देश्य भारतको व्यावसायिक प्रशिक्षण परिदृश्यमा क्रान्ति ल्याउन र आफ्नो कार्यबललाई डिजिटल अर्थव्यवस्थामा नेतृत्व गर्नका लागि सशक्त बनाउनु हो।